चितवन जिल्ला अदालत
ईजलाश
मानननीय जिल्ला न्यायाधीश श्री हेमन्त रावल

आदेशपर्चा

बादीः बासुप्रसाद पुडासैनी समेतको जोहरीले नेपाल सरकार

प्रतिबादीः अस्मिता कार्की समेत

०७६-C१-००४७

मुद्दा - आत्महत्या गर्न दुरुत्साहन

| मिति | आदेशको छोटकरी ब्यहोरा | कैफियत |
| --- | --- | --- |
| २०७६।०५।०९ | यसमा,प्रस्तुत मुद्दाको अभियोग पत्रसाथ अदालतमा उपस्थित गराईएका प्रत्येबादीहरु रवि लामिछाने, युवराज कडेल र रुकु भन्ने अस्मिता कार्कीको अदालत समक्षको बयान कार्य सम्पन्न भई थुनछेक आदेश प्रयोजनका लागी प्रस्तुत मुद्दा [illegible]ज ईजलास समक्ष पेश हुन आएको रहेछ ।<br><br>हाल मृतक रहेका शालीकराम पुडासैनी मिति २०७६।०४।२० गते वेलुका अन्दाजी ८.०० बजे तिर घटनास्थल चितवन जिल्ला भरतपुर महानगरपालीका वडा नं १ नारायणगढ बजारको पोखरा बसपार्क स्थीत होटल कंगारुको कोठा नं २०२ को सिलीड पंखामा नाईलनको डोरीमा झुण्डीई पासो लगाई आत्महत्या गरेको र निज मृतकले मर्नु भन्दा पहिले निजले आफनो ९८५१०२६८४६ नं र ९८१०१०४११३ नं को सामसुड ग्यालेक्सी कम्पनीको मोवाईलमा निजको आवाजमा रिकर्ड गरेको भनिएको भिडियोमा यी प्रत्येबादीहरुले | |

धाक धम्की दिई,षडयन्त्र गरी शारीरिक र मानसिक यातना समेत दिई आफुलाई आत्महत्या गर्नु पर्ने अवस्थामा पुर्‍याएकाले आफुले आत्महत्या गरेको भनि व्यक्त गरेको भनाई सहितको भिडियो रिकर्ड उपलब्ध भएकाले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गर्ने यी प्रत्येवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७७ र दफा १८५ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८५(२) बमोजिम हदै सम्मको कैद सजाय र जरिवाना गरी पिडितको नजिकको हकवाला परिवारलाई सोही संहिताको दफा १८६ बमोजिमको मनासिब क्षतिपूर्ती रकम समेत दिलाई भराई पाउ भन्ने वादी नेपाल सरकारको अभियोग माग दावी रहेको पाईन्छ ।

मृतक शालीकराम पुडासैनीले मिति २०७६।०४।२० गते बेलुका ८:०० बजे तिर झुण्डीएर आत्महत्या गरेको भनिएको घटनास्थल कंगारु होटलको कोठा नं २०२ को सिलिङ पंखामा नाईलनको डोरीले झुण्डीएको अवस्थामा मृत शरीर रहेको र निजले आत्महत्या गर्नु भन्दा पहिले आफुलाई यी प्रत्येबादीहरु रवि लामिछाने,युवराज कडेल र अस्मिता कार्की समेतले बिभिन्न षडयन्त्र गरी फसाई, मर्नुपर्ने सम्मको कारण,अवस्था र परिस्थिती श्रृजना गरेकाले आफुले वाध्य भई आत्महत्या गरेको भनि मर्नु भन्दा पहिले निजले व्यक्त गरेको भनाई सहितको निजको ९८५१०२६८४६ र ९८१०१०४१५३ नं को मोवाईलमा रिकर्ड भएको र सामाजिक संजालबाट सार्वजनिक भएको सोही भिडियो नै प्रस्तुत मुद्दामा प्रमाण स्वरुप पेश भएको अवस्था छ । भिडियो सार्वजनिक भए पश्च्यात आरम्भ भएको अनुसन्धानका क्रममा पक्राउ परेका यी प्रत्येबादीहरु बिरुध्द निजहरु पक्राउ परिसके पछि मृतक शालीकराम पुडासैनीको श्रीमती सम्झना पुडासैनीले यी प्रत्येबादीहरुकै कारण आफना पती शालीकराम पुडासैनीले आत्महत्या गरेकाले निजहरुलाई कानून वमोजिम सजाय गरि पांउ भनि मिति २०७६।०५।०१गते दिएको किटानी जाहेरी मिसिल संलग्न रहेको अवस्था छ ।

उल्लेखित अवस्थाको प्रस्तुत मुद्दामा प्रत्येवादीहरु रवि लामिछाने र युवराज कडेलले अधिकार प्राप्त अधिकारी र अदालत समक्षको बयानमा हाल मृतक रहेका शालीकराम पुडासैनी र आफुहरु केही समय न्यूज२४ टेलिभिजनको सिधा कुरा जनातासंग नामक कार्यक्रममा सगै काम गर्ने गरेको र निजले पछिल्लो दुई महिना यता सो कार्यक्रम छोडी माउण्टेन टेलिभिजनमा काम गर्ने गरेको र आफुहरुले संगै काम गर्दाको अवस्थामा होस या निजले आफुहरुसंगको कार्यक्रम छोडी अलग्गै काम गर्दाको अवस्थामा होस, निजलाई कुनै पनि किसिमको धाक, धम्की, दवाब नदिएको, निजका बिरुध्द कुनै षडयन्त्र नगरेको र निजले आत्महत्या गरेको भन्ने विषयसंग आफुहरुको कुनै सम्वन्ध नभएको भनि आरोपमा पूर्णत:

ईन्कार रही गरेको बयान मिसिल संलग्न रहेको अवस्था छ ।

अर्का प्रत्येवादी रुकु भन्ने अस्मिता कार्कीले हाल मृतक रहेका शालीकराम पुडासैनीसंग सामाजिक संजाल फेशबुक मार्फत सम्पर्क,चिनजान र भेटघाट भई साथीको रुपमा सम्बन्ध रहेको अवस्थामा निजले आफु अविवाहित भएको भनि बिबाहको प्रस्ताव समेत राखेका र आफुहरुका बिच केही समय प्रेम सम्बन्धमा रहेपनि पछि निज बिबाहित भएको कुरा आफुले थाह पाई **निजको श्रीमतीसंग समेत** कुरा भए पछि आफु निज शालीकराम पुडासैनीसंगको सम्बन्धबाट टाढिएर बसेको हु । निजले नै आफुलाई बिहको लागी पटक पटक दवाब दिने गरेका थिए । यो अवस्थामा पनि मैले निजलाई कुनै दबाब,धाक धम्की दिएको वा निजसंगको सम्बन्धलाई दुरुपयोग गरी निजलाई फसाउने सम्मको कुनै षडयन्त्र गरेको होईन । यी अन्य प्रत्येवादीहरु रबि लामीछाने र युबराज कडेललाई पहिले चिनेको थिएन । प्रस्तुत मुद्दामा पक्राउ परी प्रहरी हिरासतमा रहेको अवस्थामा निजहरुलाई देखि चिनेको हु भनि अभियोग आरोपमा पूर्णत: ईन्कार रही गरेको बयान मिसिल संलग्न रहेको देखिन्छ ।

मिसिल संलग्न मृतक शालीकराम पुडासैनीको शव परिक्षण प्रतिबेदनमा मृत्युको कारण झुण्डीएको ( Hanging ) उल्लेख भई निजको घाटीको हडडी भाचिएको र घांटीमा डोरीको डाम भएको भन्ने उल्लेख छ । घटनास्थलको कंगारु होटलको कोठा नं २०२ मा रहेका निज शालीकराम पुडासैनी घटना मिति २०७६।०४।२० गते बेलुका ८ बजे सम्म पनि खाना खान होटलको तल नझरे पछि होटलको कर्मचारी निजलाई बोलाउन कोठामा गई ढोका ढकढकाउदा कोठाको भित्रबाट चुक्कुल लागेको, ढोका नखोलेको र भित्रबाट कुनै आवाज प्रतिकृया समेत नआए पछि शंका लागी प्रहरीलाई खबर गरेकोमा घटनास्थलमा केही बेरपछि पुगेको प्रहरीले बलपूर्बक ढोका खोल्दा कोठा भित्र पंखामा नाईलनको डोरीमा झुण्डीएको अवस्थामा मृतकको लाश रहेको भन्ने लाशजांच प्रकृती मुचुल्का रहेको देखिन्छ ।

घटनास्थल प्रकृती मुचुल्कामा लाश झुण्डीएको कोठामा दुईवडा वेड,टेबुल रहेको, झुण्डीएको लाशको नजिकै मृतकले प्रयोग गर्ने गरेको ९८५१०२६८४६ र ९८१०१०४१५३ नम्बरको सिमकार्ड भएको सामसुड ग्यालेक्सी कम्पनीको मोवाईल रहेको र सोही मोवाईलमा निज शालीकराम पुडासैनीले आत्महत्या गरि मर्नु भन्दा पहिले रिकर्ड गरेको भनिएको भिडियोमा यी प्रत्येबादीहरु रबि लामिछाने र युबराज कडेलले प्रत्येवादी मध्येकी अस्मिता कार्कीसंग आफुलाई

बिबाह गराई बिदेश अस्टेलिया पठाई दिने भनि सम्पर्क गराई दिएका र पछि बिदेश जाने कुरा नमिले पछि प्रेम सम्बन्धमा रही काठमाण्डौमा रहदा बस्दा निज अस्मिता कार्कीले आफुलाई बढी नै हेप्ने साले खाते भनि अपमानित गर्ने र दुर्व्यबहार समेत गर्न थाले पछि आफु निजबाट टाढिएर निजसंग कुनै सम्पर्क नगरी बसी आएकोमा यी प्रत्येबादीहरु रबि लामिछाने र युवराज कडेलसंग न्यूज२४ टेलिभिजनमा सगै काम गर्दाका बखत निजहरुका आर्थिक लेनदेन र कारोबारो सम्बन्धी सबै कुरा आफुले थाह पाएका कारण आफुलाई फसायर बदनाम गर्न मसंग प्रेम सम्बन्धमा रहेकी निज अस्मिता कार्कीलाई प्रयोग गरी निजलाई मैले बलात्कार गरेको भन्ने झुठो आरोप लगाई मेरा बिरुध्दको कार्यक्रम टेलिभिजनमा प्रशारण गरी सार्बजानिक गर्ने षडयन्त्र गर्न लागेका भन्ने कुरा आफुले थाह पाए पछि आफु बाध्य भई निजहरुकै कारणले आत्महत्या गर्ने निणयमा पुगी आत्महत्या गरेको भनि मृतक शालीकराम पुडासैनीले आत्महत्या गरी मर्नु भन्दा पहिले आफनो मोवाईलमा भिडियो रिकर्ड गरेको भिडियो मिसिल संलग्न रहेको अवस्था छ ।

घटना बिबरणमा बुझिएका व्यक्ति प्रमिला शर्मा भुषाल समेतका व्यक्तिले यी प्रत्येबादीहरुको कारणले आफुले आत्महत्या गरेको भनि शालीकराम पुडासैनीले गरेको निजको भिडियो रिकर्ड सामाजिक सन्जालमा सार्वजानिक भए पछि मात्र प्रस्तुत घटनाका बारेमा आफुहरुले थाह पाएको भनि गरेको कागज मिसिल संलग्न रहेको देखिन्छ ।

उल्लेखित बस्तुस्थिती,तथ्य,अबस्था र अभियोग दाबी भएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट बहसका लागी उपस्थित बिद्दान जिल्ला न्यायाधिबक्ता श्री यदुनाथ शर्माले मृतक शालीकराम पुडासैनीले आत्महत्या गरि मर्नु भन्दा पहिले निजले ब्यक्त गरेको भिडियोमा यी प्रत्येबादीहरु रबि लामिछाने, युबराज कडेल र अस्मिता कार्कीको काम ब्यबहारका कारण आफुले बाध्य भई आत्महत्या गर्नु परेको भनि ब्यक्त गरेको भिडियो रिकर्ड र सो भिडियोको ल्याब परिक्षणबाट समेत भिडियोको तथ्य प्रमाणीत भएको अबस्था हुदा यी प्रत्येबादीहरुलाई प्रस्तुत अभियोग दाबी बमोजिमको कसुर अपराधमा हदै सम्मको कैद सजाय हुने हुदा हाल मुद्दा पूर्पक्षका लागी पनि निजहरु तिनैजनालाई मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४ को दफा ६७(१) बमोजिम थुनामा राखीनु पर्छ भनि गर्नु भएको बहस सुनिया।

त्यस्तै जाहेरवाला **बद्रीप्रसाद पुडासैनी र सम्झना घिमेरे पुडासैनीको** तर्फबाट बहसका लागी उपस्थित बिद्दान अधिबक्ताहरु श्री राजकुमार श्रेष्ठ, र श्री दिपक भटटराई र श्री भद्रप्रसाद नेपाल (स्वागत नेपाल) ले मृतकले, मर्नुभन्दा पहिले,

आफनो मृत्यूको बारेमा व्यक्त गरेको भनाई प्रमाणीत गर्ने अन्य थप प्रमाण उपलब्ध हुन सक्ने अवस्था नहुने हुदा मृतकले भनेको सोही भनाई नै अन्तीम र भरपर्दो प्रमाण हुने हुदा सो भनाईलाई महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गरी प्रस्तुत अभियोग प्रमाणीत हुने अवस्था भएकाले हाल मुद्दा पूर्पक्षका लागी यी प्रत्येबादीहरुलाई थुनामै राखिनु पर्छ भनि गर्नु भएको बहस सुमेत सुनियो ।

प्रत्येबादीहरु रबि लामिछाने र युबराज कडेलका तर्फबाट बहसका लागी उपस्थित बिद्वान बरिष्ठ अधिवक्ता श्री सुशिल पन्त, बिद्वान अधिबक्ताहरु श्री सुनिल पोखेल, श्री राजु थापा, श्री नारायण गिरी, श्री तिर्थप्रसाद पौडेल र कृष्ण पौडेल र श्री चुडामणी सापकोटा एवं अर्को प्रत्येबादी अस्मिता कार्कीको तर्फबाट बहसका लागी उपस्थित बिद्वान अधिवक्ताहरु श्री रामगोपाल श्रेष्ठ, श्री कल्पना उप्रेती, श्री अनन्तदेब पराजुली, श्री नारायाण गिरी, श्री छायांकुमारी चन्द, श्री फुलमाया रानामगर, श्री निमा गिरी, श्री बद्रीप्रसाद पौडेल,केदार गुरागांई र मनिष कुमार श्रेष्ठ समेतले मृतक शालीकराम पुडासैनीले मर्नुभन्दा पहिले आफनो मोवाईलमा रिकर्ड गरेको भनिएको भिडियो घटनास्थल भन्दा बाहिर अनाधिकृत ब्यक्तिको पहुचमा गई सम्पादित समेत भएको अवस्थामा सामाजिक संजालमा सार्बजानिक भएको सोही भिडियो नै प्रस्तुत मुद्दामा सबुत प्रमाणको रुपमा पेश गरिएको अवस्थामा सो भिडियोको बिश्वसनियता र बिसुध्दतामै अनेक आशंकाको स्थिती बिध्यमान रहेकाले सो शंकास्पद अवस्थाको भिडियोलाई भरपर्दो र बिश्वसनिय प्रमाणको रुपमा ग्रहण गर्न मिल्दैन । हाल मृतक रहेका शालीकराम पुडासैनी र यी प्रत्येयेबादीहरु अलग अलग स्वतन्त्र पेशा ब्यबसायका ब्यक्तिहरु भएको हुदा कोही कसैले कसैलाई दवाब धम्की दिनु पर्ने र सोही दवाब धम्कीका कारणले आत्महत्या गरिहाल्नु पर्ने भन्ने भनाई बिश्वास लाएक नभएकाले सोही आधारमा प्रत्येबादीहरुलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था नहुदा मुद्दा पूर्पक्षका लागी यी प्रत्येबादीहरुलाई मुलुकी फौज्दारी कार्यबिधी संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखीनु पर्छ भनि गर्नु भएको बहस समेत सुनियो ।

बादी प्रत्येबादीका तर्फबाट दुबै पक्षका कानून ब्यवसायीहरुले गर्नु भएको उल्लेखित बहस र मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागज समेत अध्ययन गरी दशी प्रमाणको रुपमा पेश गरिएको मृतक शालीकराम पुडासैनीले मर्नु भन्दा पहिले निजको मृत्युको बारेमा ब्यक्त गरेको भनिएको भिडियो कथन, घटनाको प्रकृती, घटनास्थलको बस्तुगत अवस्था र प्रचलित कानून समेतका आधारमा थुनछेक प्रयोजनका लागी बिबेचना गर्दा: अभियोग दावीमा उल्लेखित मुलुकी अपराध संहिता २०७४ को दफा १७७ मा कसैले कसैको नियतपूर्बक ज्यान मार्न वा ज्यान मार्ने कुनै

काम गर्न वा गराउन हुदैन भन्ने व्यवस्था उल्लेख भएको छ भने ऐ. संहिताको दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिती खडा गर्न वा गराउन हुदैन । सो बमोजिमको कसुर गर्ने ब्यक्तिलाई पांचबर्ष सम्म कैद र पचास हजार रुपैया सम्म जरिबाना हुनेछ भन्ने कानूनी ब्यवस्था रहेको पाईन्छ । प्रमाण ऐन २०३१ को दफा ११ मा कुनै मरेको ब्यक्तिले, आफु मर्न लागेको अवस्थामा, होस छदै, आफनो मृत्यूको कारणका सम्बन्धमा, ब्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यबस्था रहेको छ ।

आत्महत्या वा कर्तब्य के हो भन्ने धेरै बिबादका बिषयमा सम्मानित सर्बोच्च अदालतबाट बिभिन्न समयमा धेरै नजीर सिध्दान्तहरु प्रतिपादन भएको अवस्था भए पनि गत बर्ष २०७४ साल भाद्र १ गते देखी मात्र लागु भएको मुलुकी अपराध संहिता २०७४ को दफा १८५ ले ब्यबस्था गरेको आत्महत्या गर्न दुरुत्साहन दिनेकार्य पनि कानून बिपरतिको अपराध मानिने भन्ने नया कानूनी ब्यवस्थाको प्रारम्भ पछि यस्तो प्रकृतीको मुद्दाको बिषयले सम्मानित सर्बोच्च अदालतमा प्रवेश पाई सम्मानित सर्बोच्च अदालतबाट यस सम्वन्धी नजीर सिध्दान्तहरु प्रतिपादन भई सकेको अबस्था आजका मिति सम्म देखिदैन ।

यस्तो अबस्थामा भारत, बेलायत, अमेरिका लगायतका देशहरुको प्रस्तुत विषयसंग सम्वन्धीत कानूनी ब्यबस्था र सो सम्बन्धी न्यायिक अभ्यासलाई हेर्दा भारतीय प्रमाण कानूनको दफा ३२(१) मा Statement written or verbal of Relevant Fact Made by a Person Who is Dead भन्ने उल्लेख भएको देखिन्छ भने प्रयोगको अभ्यासमा त्यस्तो Dying Decleration Executive Megistrate, Judicial Megistrate र सो उपलब्ध नभएको अबस्थामा Police Officer Or Medicle Officer को अगाडी मर्ने अबस्थाको ब्यक्तिसंग मृत्यूको कारणको बारेमा प्रश्नोत्तर शैलीमा सोधी Carefully & Duly Record गरिएको र अन्य प्रमाणहरुसंग Corroborative Relevancy भएको अभिब्यक्तिलाई मात्र Dying Declaretion को रुपमा प्रमाणमा ग्राह्य गरिने अभ्यास रहेको देखिन्छ ।

England को Criminal Justice Act 2003 ले मृतकको Murder, Manshlaughter and Setteled Hopeless Expectation को अवस्थामा मात्र मरेको व्यक्तिले मर्नु भन्दा पहिले व्यक्त गरेको मृत्यूसंग सम्वन्धीत भनाई अन्य प्रमाणबाट समेत समर्थित भएको अवस्थामा प्रमाणमा लिन हुन्छ भन्ने न्यायिक अभ्यास रहेको देखिन्छ ।

American Federal Rule of Evidence मा Dyinig Decleration is an Addmissiable Evidence only under the Genuin Belief of His or Her Death

was Imminent भनि उल्लेख भएको पाईन्छ ।

यसरी नेपाल लगायत बिभिन्न देशको कानूनी ब्यबस्था र न्यायिक अभ्यास समेत अध्ययन गर्दा अरु कसैको कारण वा व्यबहारले कुनै ब्यक्तिको जीवनका बांच्ने सबै सम्भाबनाहरु सकिएको महसुस गरी आत्महत्या गर्ने अन्तीम निर्णयमा पुगको अबस्थामा त्यस्तो ब्यक्तिले आफु मर्नु भन्दा लगत्तै पहिले ब्यक्त गरेको मृत्यु सम्बन्धी भनाई मात्र **सत्यका लागी कुनै अदालतमा सपथ लिएर बोलीएको सत्य कथन कम सत्य हुदैन भन्ने मान्यताका** आधारमा त्यस्तो भनाईलाई Dying Decleration, ( Leterm Mortum: The Words Before Death ) (Truth lives in lips of Dying person ) भन्ने बिश्वासको रुपमा प्रमाणमा लिने गरेको पाईन्छ ।

उल्लेखित अभ्यास र प्रचलित नेपाल कानूनको परिदृस्यमा मृतक शालीकराम पुडासैनीले आत्महत्या गर्नु भन्दा पहिले ब्यक्त गरेको भनिएको र प्रस्तुत मुद्दामा प्रमाण स्वरुप पेश गरिएको भिडियो रिकर्डको प्रमाणीक मुल्य ( Evidential Value) प्रमाणीक बिश्वसनियता ( Evidential Confidentiality) र प्रमाणीक बिशुध्दता ( Evidential Sanctity or being holyness ) को दृष्टिले भिडियोको बिश्लेषण गर्दा: घटनास्थलको कोठामा भिडियो रिकर्ड गर्दाको क्षण हाल मृतक रहेका शालीकराम पुडासैनी भित्री बस्त्रमा देखिएका छन भने निजको झुण्डीएको अबस्थामा रहेको मिसिल संलग्न लाशको फोटोमा निजले पाईन्ट शर्ट लागाएको अवस्था देखिन्छ । सो अवस्थाले मृत्युकालीन घोषण गर्दाको अबस्था र आत्महत्या गर्दाको अबस्था एउटै नभई फरक अबस्था रहेको भन्ने देखिन्छ । यो फरक देखिने अबस्थाले भिडियोमा ब्यक्त गरेको भनाई नै Words Before Death of Dying Person' थियो वा थिएन भनि एकिन गर्न Vedio Record गरेको समय र निजले आत्महत्या गरी देहत्याग गरेको समयको अन्तर छुटयाउन सबुतको रुपमा रहेको भिडियो र मृतकको शव परिक्षण प्रतिबेदनमा मृत्यूको समय उल्लेख हुनु आबश्यक देखिन्छ । जुन अनुसन्धानका क्रममा गरिएको शब परिक्षणको प्रतिबेदनमा उल्लेख भएको देखिदैन । भिडियो रिकर्डको अन्तमा मृतक शालीकराम पुडासैनीले आफनो दुबै हात जोडेर आफना बृध्द बुवा, आमा र पत्नीलाई आफुले आत्महत्या गर्नुको कारण र दुखको पश्च्याताप बोध गरी क्षमायाचना गर्दै दुबै हात जोडेर प्रणाम दण्डबत गरेको देखिने अबस्थाले सो भिडियो निज आफैले एकलै (Selfie ) खिचेको भन्ने देखिएन । निजले घटनास्थलको सो कोठामा उपयुक्त उचाईको स्थानमा आफनो मोबाईल भिडियो रिकर्ड मोडमा स्थिर राखी भिडियो खिचेको हो भने घटनास्थल मुचुल्का र बरामदी मुचुल्कामा मोबाईल त्यस्तो स्थानमा राखेको अबस्थामा भेटिएको भन्ने व्यहोरा उल्लेख भएको पनि देखिएन । अत: सो भिडियो रिकर्ड हुदा निज शालीकराम

पुडासैनीले अर्को कुनै व्यक्तिको सहयोगमा सो भिडियो रिकर्ड गरेको अबस्था देखिन्छ । अत: घटनास्थलमा मृतक बाहेक अर्को व्यक्ति पनि भएको अबस्थामा मृत्युकालीन घोषणा पछि आत्महत्या गर्दा घटनास्थलमा रहेको अर्को व्यक्तिले निजलाई आत्महत्या गर्नबाट रोक्न, बचाउन, हार गुहार गर्न सक्ने तत्कालिन बिध्यमान अबस्थामा सो भएको नदेखिनुले भिडियो रिकर्डको लगत्तै निजले आत्महत्या गरेको नभई सो भिडियो रिकर्ड गर्दाको निजको मनस्थिती (State of Mind) र निजले आत्महत्या गर्दाको परिस्थितिको निरन्तरता (Continuation) थियो भन्ने कुरामा भिडियो रिकर्ड गर्दाको अवस्थामा निज भित्री बस्त्रमा देखिएको अबस्था र आत्महत्या गर्दा निजको भ्रुण्डीएको लाशमा पाईन्ट, शर्ट सहितको पहिरनमा देखिएको अबस्थाले निजको परिस्थितीको बदलावको अबस्था ( Situational change ) पछिको मृत्युकालीन घोषणालाई सोसंग सम्बन्धीत अन्य Corroborative Evidential Siquence ल नजोडिदा सम्म सोही भनाईलाई मात्र निर्णायकप्रमाणको रुपमा ग्रहण गर्न नसकिने अवस्थामा त्यसरी समर्थीत हुने अन्य प्रमाण Corroborative Evidential मिसिल संलग्न रहेको देखिएन ।

प्रमाण ऐन २०३१ को दफा ११ मा **मरेको ब्यक्तिले आफु मर्नु भन्दा पहिले, मर्न लागेको अबस्थामा, होस छदै मृत्युको कारणका बारेमा ब्यक्त गरेको भनाईलाई** प्रमाणमा लिन मिल्छ भन्ने कानूनी ब्यबस्था उल्लेख भएको अबस्थाले जनसुकै अवस्थामा मृतकले भनेको मृत्यु सम्बन्धी निजको भनाई मृत्यूकालीन घोषणको रुपमा प्रमाणमा लिनु पर्ने भन्ने नभई मृतकले मर्नु भन्दा पहिले **मर्न लागेको अबस्थामा मृत्युका बारेमा ब्यक्त गरेको भनाई मात्र** प्रमाणमा लिन मिल्ने हुदा मृतक शालीकराम पुडासैनीले कती समय पहिले भिडियो रिकर्ड गरी कती समय पछि डोरीमा भ्रुण्डीएर आत्महत्या गरेका थिए भन्ने समय एकिन नगरी सो भिडियो मृत्युकालीन घोषणा हो वा होईन भनि एकिन गर्न सकिने अवस्था नहुदा सो भिडियोको फोरेन्सिक परिक्षण गर्ने बिशषज्ञ र मृतकको शब परिक्षण गर्ने बिशषज्ञलाई बिशषज्ञ प्रमाणको रुपमा अदालतले थप परिक्षण नगरी नबुभ्की प्रस्तुत विषय एकिन गर्न सकिने अबस्था देखिएन ।

मिसिल संलग्न कल डिटेल बिबरणबाट मृतक शालीकराम पुडासैनी र यी प्रत्येवादीहरुका बिच पटक पटक फोन सम्पर्क भएको देखिने अबस्थाले प्रत्येबादीहरु रबि लामिछाने, युबराज कडेल र हाल मृतक रहेका शालीकराम पुडासैनी एउटै टेलीभिजनमा संगै काम गर्ने सहकर्मी र पछि पूर्व सहकर्मी भएको देखिने अवस्था र मृतकले नै प्रेम सम्बन्ध रहेको भनि स्वीकार गरिकी प्रत्येबादी मध्येकी अस्मिता कार्कीका बिच मोवाईल फोनमा पटक पटक सम्पर्क हुनु कुनै

अश्वाभाविक नभएको र निजहरुका बिचको सो फोन सम्पर्कमा के कस्तो सम्बाद भएको थियो र सो सम्बादमा धम्की वा दबावको भाषाशैलीका शब्दहरु प्रयोग भएका थिए वा थिएनन भन्नलाई निजहरुका बिचको सो कुराकानीको Voice Record उपलब्ध नभएको अवस्थामा केवल निजहरुका बिच मोबाईल सम्पर्क भएको देखिने कल डिटेलको बिबरणको अवस्थाले मात्र निजहरुका बिच अवान्छीत सम्बाद भएको थियो र सोही सम्बार्द नै मृत्युको कारण थियो होला भनि अनुमान गर्न कानूनतः मिल्ने अवस्था पनि तत्काललाई देखिएन ।

घटना हुदाका बखत यी प्रत्येवादीहरुको घटनास्थलमा उपस्थिती भएको भन्ने देखिएन । मृतकको लाशमा घाउचोट भएको देखिने मिसिल संलग्न मृतकको फोटोले झुण्डीएर आत्महत्या गरेको ब्यक्तिको शरीरमा के कसरी घाउचोटको अवस्था रहयो भन्ने अनुसन्धानबाट खुलेको देखिएन । अतःसो अवस्थाले यी प्रत्येबादीहरु बिरुध्दको मुलुकी फौज्दारी कार्यबिधी संहिता २०७४ को दफा १७७ को मागदाबीका सम्बन्धमा

प्रस्तुत आदेशमा थप केही उल्लेख गर्नु पर्ने देखिएन । भिडियो कथनमा मृतकले आफुलाई यी प्रत्येबादीहरुबाट प्राप्त हुने न्यूनबेतनबाट आफुले बैकको ऋणको किस्ता तिर्न नसकि आर्थिक समस्याले डिप्रेसनमा समेत पुगेको भनि निज स्वयंले उल्लेख गरेका र निज हाल यी प्रत्येबादीहरुसंगै काम गरेको र निजहरुले नै निज मृतकलाई पारिश्रमिक दिनु पर्ने अवस्था नभई निज अर्को टेलिभिजनमा बिगत दुई महिना देखि अलग्गै काम गरि रहेको भन्ने अवस्थाले निजको आर्थिक निर्भरता र सो संगको तनाव यी प्रत्येबादीहरुसंग सम्बन्धीत रहेको भन्ने देखिएन ।

मृतकले भिडियो कथनमा यी प्रत्येबादीहरुले आफुलाई संगै काम गर्ने क्रममा बिभिन्न विभिन्न शारीरिक र मानसिक तनाव दिने गरेका थिए भनि उल्लेख गरेको देखिदा दुई महिना पहिले संगै काम गर्ने क्रममा दिएको भनिएको शारीरिक एवं मानसिक तनावले अहिले यतिबेला आत्महत्या गर्नु परेको भन्ने भनाई समय सान्दर्भिक्ताको दृष्टिले समेत बिश्वासयोग्य मान्न सकिने अवस्था भएन ।

मृतक आफैले स्वीकार गरेको यी प्रत्येबादी मध्येका प्र.अस्मिता कार्कीसगको निजको बिबाहईत्तेर प्रेम सम्बन्ध र त्यो सम्बन्धलाई यी प्रत्येवादी मध्येका रबि लामिछाने र युबराज कडेलले थाह पाई निजहरुले संचालन गर्ने **सिधाकुरा जनतासंग टेलिभिजनमा कार्यक्रममा** सार्बजानिक गरिदिने हुन कि भन्ने सम्भाबित भय वा त्रासले आफनो घर परिबार वा स्वजनको ईज्जत प्रतिस्ठामा आंच

आउन सक्ने दुखदायी अवस्थाको परिकल्पना गरी निजले आत्महत्या गरेका हुन भने त्यो **मृत्युको कारण** (Immediate Cause of Death ) निज मृतकको आफ्नै बिबाहईत्तेरको प्रेम सम्बन्ध र त्यसबाट श्रृजीत तनाबलाई निजले सहि रुपले व्यवस्थापन गर्न नसकेको कारण उत्पन्न भएको निजको आफ्नै उदवेलित मनोदशा जिम्मेवार थियो वा यी प्रत्येबादीहरुको कार्य व्यवहार जिम्मेवार थियो भन्ने कुरा प्रस्तुत मुद्दाको अनुसन्धानबाट स्पष्ट खुलेको अवस्था छैन । प्रमाण स्वरुप पेश गरिएको भिडियोमा मृतकले प्रत्येबादीहरुले आफुलाई यो यो किसिमले धाक धम्की दिए भनि उल्लेख गरेको भन्ने सन्दर्भलाई लिएर सो बिषयमा यी प्रत्येबादीहरुबाट त्यसरी भने बमोजिमको कुनै कार्य कसुर भए गरेको थियो वा थिएन भन्ने तर्फ प्रस्तुत मुद्दाको अनुसन्धान केन्द्रित भएको देखिदैन ।

तथापी, यी प्रत्येबादी मध्येका रबि लामिछाने, युबराज कडेल र हाल मृतक रहेका शालीकराम पुडासैनी एउटै टेलिभिजन कार्यक्रममा केही समय संगै काम गरि कार्यक्रम उत्पादन, प्रशारण गर्ने कला, कौशल, सीप र श्रोतसामाग्रीको प्रयाप्त जानकारी भएका निज शालीकराम पुडासैनी यी प्रत्येबादीहरुबाट छुटटीएर अलग्गै माउण्टेन टेलीभिजनमा काम गर्न सुरु गरेको अवस्थामा निजसंग यी प्रत्येबादीहरु मध्येका रबि लामीछाने र युबराज कडेलको कुनै आग्रह,पूब्राग्रह, दुराग्रह, बैमनस्यता, प्रतिसोध वा अस्वस्थ प्रतिस्प्रधा थिएन वा सहकर्मी हुनुको नाताले निजको प्रत्येबादी मध्येका अस्मिता कार्की संगको बिबाहईत्तेर निजी सम्बन्धका बारेमा थाह जानकारी नै थिएन र निजलाई सहकर्मीको अवस्थाबाट अलग भई सकेको अवस्थामा यी प्रत्येबाददीहरुले सो सम्बन्धको बिषयलाई लिएर कार्यक्रम सार्बजानिक गर्ने धम्की वा त्रास देखाएनन होला र सो धम्की र त्रास निज मृतक शालीकराम पुडासैनीलाई आत्महत्या गर्न दुस्प्रेरित गर्ने तहसम्मको कारण थिएन होला भनि अहिले नै भन्न सकिने अवस्था पनि देखिएन ।

तथापी, भिडियोमा रिकर्ड गरिएको भनिएको मृतकको भनाईको भिडियोलाई अनुन्धानमा संलग्न नरहेको अनाधिकृत बाह्य व्यक्तिको पहुचमा पुगी,सम्पादन समेत गरी सामाजिक संन्जाल मार्फत सार्वजानिक समेत भएको मिसिल संलग्न सो भिडियोको बिशुध्दता र बिश्वसनियतामा शंकाको गुन्जायस रहेको भन्ने प्रत्येबादी पक्षको जायज शंकालाई अदालतले भिडियोको सन्दर्भ सच्चाईका बारेमा थप बिशषज्ञ परिक्षण नगरी नगराई सोही प्रमाणका आधारमा मात्र यी प्रत्येबादीहरुलाई मुद्दा पूर्पक्षका लागी थुनामै राखिनु पर्छ भनि जाहेरवाला र बादी नेपाल सरकारका तर्फबाट बहस गर्ने बिद्वान कानून ब्यवसायी र बिद्वान जिल्ला न्यायाधिबक्ताको वहस वुंदालाई स्वच्छ सुनुवाईको सिध्दान्त एवं न्याय र कानूनको रोहबाट उपयुक्त मान्न

सकिएन ।

अतः उल्लेखित अवस्था र आधार समेतबाट प्रस्तुत मुद्दामा पछि प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने नै हुदा मुद्दा पूर्पक्षका लागी प्रत्येबादी मध्येका रबि लामिछानेबाट मुलुकी फौज्दारी कार्यबिधी संहिता २०७४ को दफा ६८ बमोजिम नगद रु ५,००,०००। (पांचलाख) र प्रत्येबादी मध्येका युबराज कडेलबाट नगद रु ३,००,०००। (तिनलाख) धरौट वा सो बराबरको जेथाजमानत वा कुनै समय शर्त बिनाको बैक ग्यारेण्टी दिए लिई मुद्दा पूर्पक्षका लागी निजहरुलाई तारेखमा राख्नु ।

प्रत्येबादी मध्येका रबि लामिछाने र युबराज कडेल न्यूज२४ टेलीभिजनमा सिधा कुरा जनतासंग कार्यक्रम संचालन गर्ने संचारकर्मी भएको र प्रस्तुत मुद्दाको बिषय निजहरुले संचालन गर्ने गरेको सो टेलिभिजन कार्यक्रमको बिषय बस्तुसंग पनि सम्बन्धीत रहे भएको देखिदा प्रस्तुत मुद्दा सक्षम अदालत (Competent Court of Justice) भित्र हाल बिचाराधिन रहेको अवस्था हुदा प्रस्तुत मुद्दाको अन्तीम टुगों नलाग्दा सम्म प्रस्तुत मुद्दाको विषयबस्तुलाई लिएर अनुसन्धानमा संलग्न प्रहरी, अभियोजनकर्ता सरकारी वकिल, पिडित परिवार, मुद्दाका सम्बध्द सांक्षी, मौकामा बुझिएका अन्य व्यक्तिहरु, प्रमाणको बैज्ञानिक परिक्षणमा संलग्न विशषज्ञ, चिकित्सक, अदालत र समग्र न्यायिक प्रकृयाका बारेमा कुनै पनि विषयबस्तु समावेश गरी संकलित प्रमाणको बिश्वसनियतामा अन्यथा असर पुरयाउने उदेस्यले अदालत भन्दा बाहिर कुनै पनि सार्बजानिक कार्यक्रम गर्न, टेलिभिजन कार्यक्रम प्रशारण गर्न, फेशबुक लाईभ,टवीटर, यूटयूब लगायतका सामाजिक संन्जाल वा अन्य सार्बजानिक संचार माध्यमबाट बिचार वा प्रतिकृया स्वदेश वा बिदेशबाट व्यक्त गर्न, गराउन नपाउने गरी एवं औषधी उपचारका लागी बिदेश जानु परेको अवस्थामा यस चितवन जिल्ला अदालतको लिखित पूर्ब अनुमती लिएर मात्र बिदेश जान पाउने गरी निज प्रत्येबादीहरु रबि लामिछाने र युबराज कडेललाई शर्त सहितको उल्लेखित धरौटी रकम क्रमशः नगद रु ५,००,०००। (पांचलाख) र रु ३,००,०००। (तिनलाख) रुपैया धरौट वा सो बराबरको जेथाजमानत वा बिना कुनै शर्तको बैंक ग्यारेण्टी दिए लिई मुलुकी फौज्दारी कार्यबिधी संहिता २०७४ को दफा ६८ बमोजिम उल्लेखित शर्त सहितको कागज गराउनु ।

उल्लेखित शर्त सहित माग गरिएको नगद धरौटी वा सो बराबरको जेथा जमानत वा शर्त बिनाको बैक ग्यारेण्टी दाखिल गर्न नसके वा नमाने निजहरु दुवैजनालाई नियमानुसारको सिधा खान पाउने गरी थुनामा राख्न कारागार कार्यालय भरतपुर चितवनमा पठाउनु ।

अर्का प्रत्येबादी अस्मीता कार्कीसंग मृतक शालीकराम पुडासैनीले आफु बिबाहित भएको कुरा सुरुमा लुकाई ढांटी छली प्रेमसम्बन्ध राखी बिबाहका लागी निजलाई दबाब दिदै आएको र यी प्रत्येबादीले बिबाहको प्रस्ताव ईन्कार गरे पछि निजहरुको सम्बन्धमा खटपट आई बिबाहित पुरुषसंगको प्रेम सम्बन्धबाट निज अस्मिता कार्की स्वईच्छाले टाढा हुन खोजेको अवस्थामा निजलाई बिबाहका लागी दबाब दिई बिबाह गर्न नमानेमा आफुले बिष सेबन गरी मर्छु भन्ने सम्मको धम्की सहितको :यासेज मृतक शालीकराम पुडासैनीले निज अस्मिता कार्कीलाई दिएको म्यासेज बहसका क्रममा पेश भएको देखिने अवस्थाले सो अवस्थामा पनि र निजले अन्य प्रत्येबादीहरु रबि लामिछाने र युवराज कडेललाई घटना मिति भन्दा पहिले चिनेको नभई प्रस्तुत मुद्दामा सगै हिरासतमा रहेको अवस्थामा मात्र देखी चिनेको भनि प्रत्येबादीहरुले बयान गरेको अवस्था हुदा निज अस्मिता कार्कीले मृतक शालीकराम पुडासैनीलाई आत्महत्या गर्न दुरुत्साहन हुने के कस्तो कार्य वा षडयन्त्र गरेकी थिईन भन्ने मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागजबाट स्पष्ट खुलेको अबस्था नदेखिदा निजको हकमा पछि प्रमाण बुझदै जांदा ठहरे बमोजिम हुने गरी हाल मुद्दा पूर्पक्षका लागी निजलाई थुनामा राख्नु पर्ने वा निजबाट धरौटी माग्नु पर्ने सम्मको अवस्था नदेखिदा निजलाई मुद्दा पूर्पक्षका लागी मुलुकी फौज्दारी कार्यबिधी संहिता २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राख्नु ।

प्रस्तुत मुद्दामा प्रत्येबादी चुक्ता भई सकेको देखिदा बादी नेपाल सरकारका सांक्षी,प्रतिबेदक, जाहेरवाला,मौकामा बुझिएका ब्यक्तिहरु, जिल्ला सरकारी वकिल कार्यालय चितवन मार्फत यस अदालतमा उपस्थित गराउन प्रस्तुत मुद्दा अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालय चितवनलाई लेखी पठाउनु । प्रत्येबादीहरुले अदालत समक्षको बयानमा उल्लेख गरेका निजहरुका साक्षी बादी नेपाल सरकारका सांक्षी उपस्थित हुने दिन निज प्रत्येबादीहरु मार्फत नै उपस्थित गराउन लगाउनु ।

मृतक शालीकराम पुडासैनीको शब परिक्षण गर्ने शिक्षण अस्पताल महाराजगंज काठमाण्डौका चिकित्सक डां मणी महर्जन र डा. बिभुती शर्मालाई मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा १०२ बमोजिम बिशषज्ञ बकपत्रका लागी यस अदालतमा उपस्थित गराउनु । दशी प्रमाणको रुपमा प्रस्तुत मुद्दाको अभियोगपत्र साथ पेश भएको मृतक शालीकराम पुडासैनीको आवाजको मिसिल संलग्न श्रब्य दृस्य मोवाईल भिडियोको फोरेन्सिक परिक्षण गर्ने नेपाल प्रहरीको केन्दिय परिक्षण प्रयोगशालाका फोरेन्सिक बिशषज्ञ लाई मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा १०२ बमोजिम बिशषज्ञ बकपत्रका लागी यस

अदलातमा उपस्थित गराउनु ।

उल्लेखित आदेश अनुसारको सबै कार्य कार्य सम्पन्न गरी आगामी सुनुवाईका लागी नियमानुसार गरी प्रस्तुत मुद्दा पुनः ईजलासमा पेश गर्नु भनि मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ७९ बमोजिम यो आदेश गरि दिएको छ ।

आदेश सुनि सहि गर्ने

निज रवि लामीछाने,

निज युवराज कडेल,

निज अस्मीता कार्की

न्यायाधीश

ईतिसम्वत २०७६ साल भाद्र ०९ गते रोज ०२ शुभम